# अनलाईन निर्वाचन संम्वन्धि सुचना

गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतार छैठौ राष्ट्रिय महाधिबेशन निर्वाचन समिति द्धारा गत २१ अगष्ट २०१५ मा प्रकशित भई उम्मेदवारहरुको थप स्पष्टताको लागी समय प्रदान गर्दै २६अगष्ट २०१५मा स्थगित गरिएको अनलाई मतदान कार्यक्रम तपशिल बमोजिम हुने व्यहोरा सम्पुर्ण पंजिकृत सदस्यहरु तथा उम्मेदवारहरुको जानकारी सहित सहभागीताको लागि यो सूचना जारी गरिन्छ।

(१) अनलाईन मतदानका लागी आवश्यक युजर नेम र पासवर्ड निर्वाचन समिति र नेपाली नियोग कतारको प्रतिनिधीहरुको रोहवरमा गोप्य रुपमा आधुनिक प्रविधि अपनाएर विश्वसनीय तरिकाले तयार पारिने छ।
(२) अनलाईन मतदानका लागी तयार पारिएको युजर नेम र पासवर्ड आवश्यकता अनुसार निर्वाचन समितिले व्यवस्थापन र सुरक्षण गर्नेछ।
(३) अनलाईन मतदानका लागी तयार गरिएको युजर नेम र पासवर्ड निर्वाचन समितिद्धारा एनआरएन आईसिसिका पर्यवेक्षक तथा अन्य बिश्वसनीय निकायका प्रतिनिधीको उपस्थितीमा तपसिलको समय अवधिमा वितरण गरिने छ।

| सि.नं | विवरण | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनलाईन मतदानका लागी आवश्यक युजर नेम तथा पासवर्ड वितरण | १५ सेप्टेम्वर (मंगलबार) देखि १७ सेप्टेम्वर (बिहिवार) २०१५ | दिनको २.०० वजे देखी वेलुकी ६.०० वजे सम्म | नेपाली नियोग | |
| २ | अनलाईन मतदानका लागी आवश्यक युजर नेम तथा पासवर्ड वितरण | १८ सेप्टेम्वर (शुक्रवार) २०१५, | बिहान १०.०० वजे देखी वेलुकी २.०० वजे सम्म | नेपाली नियोग | |

(४) अनलाईन मतदानका लागी आवश्यक युजर नेम र पासवर्ड माथी उल्लेखित समय अवधि भित्र परिषद सदस्य स्वयं उपस्थिती भए एनिसिसि कतारले वितरण गरेको परिषद सदस्य परिचय पत्रको आधारमा लिनु पर्नेछ। एनसिसि कतारले पञ्जिकृत सदस्यता परिचय पत्र सोहि स्थानमा सहोहि समय अवधि भित्र पञ्जिकृत सदस्यहरुको आवश्यक परिचय खुल्ने कागत पत्रहरु हेरेर वितरण गर्नेछ।
(५) अनलाईन मतदानका लागी वितरण गरिने युजर नेम र पासवर्ड माथी उल्लेखित मितिमा संकलन गर्न नआएर वाँकी रहेका युजर नेम र पासवर्ड लाई संम्वन्धित सवैको रोहवरमा नष्ट गरिने छ। साथै उल्लेखित मितिमा आफ्नो युजर नेम र पासवर्ड नवुझ्ने पञ्जिकृत सदस्यहरु मतदानका लागी असमर्थ रहनेछन्।
(६) अनलाईन मतदानका लागी समय तालिका तपसिल अनुसार निर्धारण गरिएको छ।

| सि.नं | विवरण | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनलाईन मतदान | १८ सेप्टेम्वर (शुक्रवार) देखि १९ सेप्टेम्वर (शनिवार) २०१५ | स्थानिय समय अनुसार शुक्रवार वेलुकी ७.०० वजे देखि शनिवार वेलुकी ७.०० वजे सम्म (२४ घण्टा) | ....... | |

(७) अनलाईन निर्वाचनको सुरक्षा, विश्वसनियता तथा गोपनियताका लागी मतदान अवधिभर उक्त सफ्टवेरको एडमिन संम्वन्धि संम्पूर्ण कार्यहरु वन्द गरिने छ। उक्त अवधिभर निर्वाचन समिति (एडमिन) ले समेत कुनै विवरणहरु हेर्न हेरफेर गर्न नसक्ने गरि व्यवस्था मिलाईने छ।
(८) अनलाईन मतदानको समयसीमा सकिए पछि मिति १९ सेप्टेम्वर, २०१५ शनिवार वेलुकी ७ वजे पछाडी निर्वाचन समिति, एवं पर्यवेक्षकहरु, उमेद्धारहरु, पञ्जिकृत सदस्यहरु तथा अन्य विश्वसनीय प्रतिनिधीको उपस्थितीमा निर्वाचन परिणाम घोषणा गरिने छ।
(९) अनलाईन मतदानको निष्पक्षता, विश्वसनिय एवं गोपनियताको जवाफदेहिताको लागी सफ्टवेर कम्पनीका प्राविधिक (परामर्शदाता) समेत निर्वाचन अवधिभर निर्वाचन समितिको साथमा रहनुहुनेछ।
(१०) अनलाईन मतदानलाई निष्पक्ष, विश्वसनिय एवं सुरक्षित रुपमा संम्पन्न गर्नका लागी कतारमा कार्यरत दुई जना आईटी प्रतिनिधीहरुको सहयोग, उम्मेदवारहरुको सहमतिमा लिईनेछ।
(११) अनलाईन मतदानका लागी तयार गरिएको युजर नेम र पासवर्ड विश्वसनिय प्रतिनिधी, निर्वाचन संयोजक तथा आईटी प्रतिनिधीहरुको रोहवरमा तालाबन्दी गरी संरक्षण गरिनेछ।
(१२) अनलाईन मतदानको क्रममा कुनै पनि मतदान, उम्मेदवार, सिस्टम निर्माता कम्पनी वा कसैवाट कुनै अनियमितता वा फर्जी कार्य भएको पाईएमा प्रचलित कानुन बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाईनेछ।
(१३) अनलाईन मतदान संम्वन्धि संम्पूर्ण अधिकार निर्वाचन समितिमा निहित हुनेछ र निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

(नोट : सम्पूर्ण उम्मेदवार तथा परिषद् सदस्यहरुलाई सार्वजानिक स्थान, विद्युतिय संचार माध्यम, सामाजिक सञ्जाल, सार्वजनिक सभा-समारोह एवं अन्य संचार माध्यमहरुमा निर्वाचन समिति, उम्मेदवार तथा पंजिकृत सदस्यहरुको वारेमा कुनै पनि नकरात्मक टिका टिप्पणी, आरोप प्रत्यारोप नगर्न हार्दिक अनुरोध गरिन्छ। यदि त्यस्तो गरेको प्रमाणित भएमा एनसिसि तथा आईसिसिको विधान, निर्देशिका, नियामवली र आचार संहिता अनुसार कारवाहि गरिने छ।)

धन्यवाद ।।।

.........................
गुरुनारायण रानाभाट
संयोजक
निर्वाचन समिति
१३ सेप्टेम्वर, २०१५